# बारबर्दिया नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## जयनगर, बर्दिया
## लुम्बिनी प्रदेश

## करार सेवामा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०९/१७

बारबर्दिया नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन गरी भूमी सम्बन्धी समस्या समाधानका लागि भूमि सम्बन्धी समस्या समाधान आयोग, लगत इकाई बारबर्दिया, बर्दियाका लागि निम्न सेवा समूह तथा श्रेणी/तहका पदहरु सेवा करारको लागि खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रीतपूर्वक आवेदन फाराम भरी यस नगर कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क्र.सं. | विज्ञापन नं | पद, सेवा,समूह,उपसमूह | तह | किसिम | पद संख्या | परीक्षा मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | १४/२०७७/०७८ | सर्भेक्षक | सहायक पाँचौं | खुला | २ (दुई) | २०७७/१०/५ गते दिनको १२.०० बजे |
| २ | १५/२०७७/०७८ | अमिन | सहायक चौथो | खुला | ३ (तीन) | २०७७/१०/५ गते दिनको १२.०० बजे |
| | १६/२०७७/०७८ | तथ्यांक संकलक | सहायक चौथो | खुला | ७ (सात) | २०७७/१०/६ गते दिनको १२.०० बजे |
| ४ | १७/२०७७/०७८ | लगत प्रविष्टकर्ता (सहायक कम्प्यूटर अपरेटर) | सहायक चौथो | खुला | ३ (तीन) | २०७७/१०/५ गते दिनको १२.०० बजे |
| ५ | १८/२०७७/०७८ | सामाजिक परिचालक | सहायक चौथो | खुला | ३ (तीन) | २०७७/१०/६ गते दिनको १२.०० बजे |
| ६ | १९/२०७७/०७८ | फिल्ड सहयोगी (नापी कार्य) | श्रेणी विहिन | खुला | ३ (तीन) | २०७७/१०/६ गते दिनको १२.०० बजे |

**परीक्षाको किसिम** :- लिखित, सूचना प्रविधि सीप परीक्षण/प्रयोगात्मक र अन्तर्वार्ता ।(फिल्ड सहयोगीको हकमा अन्तरवार्ता मात्र)

**परीक्षा केन्द्र** :- बारबर्दिया नगरपालिका कार्यालय , जयनगर, बर्दिया ।

**दरखास्त दस्तुर** :- सहायक पाँचौं तहको लागि रु ६००/- (छ सय), सहायक चौथो तहको लागि रु ५००/- (पाँच सय), श्रेणी विहिन तहका लागि रु ३००(तीन सय) बुझाउनुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि** :- NIC ASIA बैंक, मगरागाडी शाखामा स्थित यस नगरपालिकाको राजश्व खाता नं
११२२०५२४९८२५१००७ मा दरखास्त दस्तुर जम्मा गर्न सकिनेछ ।

**दरखास्त दिने अन्तिम म्याद** :- सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र र १५ औ दनिमा सार्वजनकि वदि पर्न गएमा सोको लगतै कार्यालय खुलेको दिनमा

**उम्मेदवारको उमेर हद** :- दरखास्त दिने अन्तिम मिति सम्म पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**संलग्न कागजातहरु** :- दिइएको ढाँचामा फाराम भरी नेपाली नागरिकताको, शैक्षिक योग्यताको प्रमाणपत्रका साथै अनुभव/तालिम सम्बन्धी कागजात, समकक्षता कागजातका प्रतिलिपिका साथ दरखास्त दस्तुरको अर्धकट्टी पेश गर्नुपर्नेछ ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तरवार्ता मिति** :- लिखित परीक्षाको नतिजा प्रकाशन हुँदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरण** :- सेवा समूह सम्बन्धी ।

**सेवा शर्त र सुविधा** :- करार सम्झौता बमोजिम ।

**काम गर्नुपर्ने समयावधी** : तथ्यांक संकलकको लागि ३ महिना र अन्य पदको हकमा बढीमा ६ महिना सम्म (आवश्यकता अनुसार म्याद थप गर्न सकिनेछ ।)

## आवश्यक न्यूनतम योग्यता

१ .**ईञ्जि सेवा, सर्भे समूह, सर्भेक्षक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा ३ वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको ।

२. **ईञ्जि सेवा, सर्भे समूह, अमिन पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषायमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको ।

३ . **तथ्यांक संकलक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सि./एस.ई.ई वा सो सरह उत्तीर्ण गरी कम्प्यूटर सम्बन्धी कम्तिमा ३ महिने आधारभूत तालिम प्राप्त गरेको ।

४ .**लगत प्रविष्टकर्ता पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सि./एस.ई.ई वा सो सरह उत्तीर्ण गरी कम्प्यूटर सम्बन्धी कम्तिमा ३ महिने आधारभूत तालिम प्राप्त गरेको

५. **सामाजिक परिचालक पदका लागिः**-मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सि./एस.ई.ई वा सो सरह उत्तीर्ण गरेको साथै सामाजिक परिचालक सम्बन्धी काम गरेकोलाई विशेष प्राथमिकता दिईनेछ ।

६. **फिल्ड सहायक पदका लागि** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १० कक्षा उत्तीर्ण गरेको साथै मोटरसाईकल चलाउन जानेको लाई विशेष प्राथमिकता दिईनेछ ।

## द्रष्टव्य

(क) नगरपालिकाद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ख) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै नगरपालिकाको कार्यालयमा सम्पर्क राख्नुपर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन यस कार्यालय वाध्य हुने छैन ।

(ग) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । कार्यानुभव स्थानीय तहमा प्राविधिक जनशक्ति पदपूर्ति सम्बन्धी कार्यविधि अनुसार गणना गरिनेछ ।

(घ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(ङ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(च) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(छ) लोक सेवा आयोगद्वारा सम्बन्धित सेवा, समूहको लागि निर्धारण गरिएको पाठ्यक्रम लागु हुनेछ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल